जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
**गोलबजार नगरपालिका-६, सिरहा**
**फोन नं.: ०३३-५४०३५६**
**मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६**
*इमेल* : mgnd2070@gmail.com

बर्षः ११, अंकः २६९ पृष्ठः ४ | २०८१ फाल्गुन ११ गते आइतबार (Sunday 23 Feb. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com


## प्रतिक्षित सब स्टेसन सञ्चालनमा

जनकपुर, १० फाल्गुन । सर्लाहीको पूर्वी बेल्टमा विद्युत् आपूर्ति सहज बनाउने उद्देश्यले हरिपूर्वामा निर्माण गरिएको विद्युत् सब स्टेसन सञ्चालनमा ल्याइएको छ । विद्युत् सब स्टेसनमा बिहीबारदेखि लोड दिएर सञ्चालन गरिएको नेपाल विद्युत् प्राधिकरण मलङ्गवा वितरण केन्द्रका प्रमुख एवं उप-प्रवन्धक इन्जिनियर उमेशप्रसाद यादवले जानकारी दिनुभयो। ३३-११ केभीको हरिपूर्वा सब स्टेसनबाट तत्काल हरिपूर्वा र पर्सा गाउँपालिका क्षेत्रमा मात्र विद्युत् प्रवाह गरिएको छ।

अहिले परीक्षणकै क्रम रहेकाले यी दुई पालिकामा हरिपूर्वा सब स्टेसनबाट विद्युत् प्रवाह भइरहेको र आगामी दिनमा ब्रम्हपुरी, ईश्वरपुर, चन्द्रनगरलगायत पूर्वी बेल्टका अन्य पालिकामा पनि विद्युत् प्रवाह गर्ने योजना रहेको मलङ्गवा वितरण केन्द्रले जनाएको छ। सर्लाहीको पूर्वी बेल्टमा मलङ्गवा सवस्टेशनदेखि लामो प्रशारण लाइन भएर बत्ती तान्नुपर्दा बारम्बार विद्युत् कटौती भइरहने, भोल्टेज कम आउनेजस्ता समस्याबाट स्थानीय

**-बाँकी तीन पेजमा**

## गोलुको खुट्टा काटियो : प्रहरीले कुटेको आरोप, एसएसबी भन्छ-दुर्घटना हो

जनकपुर, १० फाल्गुन । सीमावर्ती क्षेत्रस्थित सर्लाहीको बलरा नगरपालिकाका एक युवकको दाहिने खट्टा काट्नु परेको छ। गत बुधबार सीमापारी भारतीय बजारबाट घरायसी प्रयोजनका लागि मोटरसाइकमा राखेर समान लिएर आउनेक्रममा बलरा नगरपालिका-३, निवासी महेन्द्र रायका छोरा १८ वर्षीय गोलु राय घाइते हुनुभएको थियो । उहाँको अहिले बीएण्डबी अस्पताल काठमाडौंमा उपचार जारी छ । गोलुको दाहिने खुट्टामा हा ी फुटेर रगत जमेपछि खुट्टा नै काट्नुपरेको छ । गोलुका आफन्तले उहाँमाथि भारतीय सीमा सुरक्षा बल ( एसएसबी) ले ज्यादतीपूर्ण कुटपिट गरेर यस्तो अवस्था आएको आरोप लगाएका छन् । एसएसबीले गोलुलाई घरमा पूजाका लागि समान किनेर फर्किदै गर्दा कुटपिट गरेर गम्भीर घाइते बनाएको बताएका छन् । यो घटना भारतसँगै सीमा जोडिएको बलरा नगरपालिकास्थित लक्ष्मीपुर नाकाको हो। गोलु खेतको बाटो भएर भारतबाट समान किनेर



फर्किदै गर्नुभएको थियो । एसएसबीले भने गोलु मोटरसाइकल दुर्घटनामा परेर घाइते भएको दाबी गरेको छ। सर्लाही प्रहरीका निमित्त प्रमुख एवं प्रहरी नायब उपरीक्षक ( डीएसपी) सरोज राईले स्थानीय बासिन्दा र एसएसबीको कुरा बाँझिएको बताउनुभयो। ए

सएसबीले गोलुलाई खानतलासी लिन खोज्दा उहाँ भागेको र लखेट्नेक्रममा तीव्र गतिमा मोटरसाइकल दौडाउँदा दुर्घटनामा परेको भनी आफूहरुलाई जानकारी गराएको डीएसपी राईले बताउनुभएको छ । घाइते युवकलाई वीरगन्ज हुँदै काठमाडौंतर्फ लगेपछि प्रहरीलाई घटनाबारे जानकारी भएको र प्रारम्भिक अनुसन्धानमा घटनालाई दुर्घटनाकै रुपमा लिएको डीएसपी राईको भनाइ छ। स्थानीयले भने अनुसार सीमाक्षेत्रमा एसएसबीको ज्यादती बढेको विषयमा सीमापारीका भारतीय सुरक्षा अधिकारीसँग छलफल गरिने सर्लाहीका सुरक्षा अधिकारीले बताएका छन् ।

## शिक्षाको अवस्था कमजोर

जनकपुर, १० फाल्गुन। २५ लाई २५ ले गुणन गर्दा कति हुन्छ ? कक्षा ११ को विद्यार्थीहरुलाई सोधिएको प्रश्नमा कुनै पनि विद्यार्थीहरुले सहि उत्तर दिन सकेन । सर्लाहीका प्रतिनिधिसभाका स्वतन्त्र सांसद अमरेशकुमार सिंह जलेश्वर नगरपालिका वडा नं. ४ सुगामा रहेको शुकदेव माध्यमिक विद्यालयको प्राविधिक तर्फका कक्षा ११ को विद्यार्थीहरुलाई गुणन सोध्दा कसैले जवाफ फर्काउन सकेका थिएनन्। त्यत्ति मात्रै होइन उहाँले कक्षा कोठाको पर्खाल देखाउनुहुँदै सिमेन्टले बनेको पर्खालहरु किन चर्किन्छन् भनेर विद्यार्थीहरुलाई सोध्दा प्राविधिकतर्फ सिभिल ईन्जिनियरिङ्ग पढिरहनु भएका विद्यार्थीहरु निरुत्तर बनेका थिए।

जनसंवाद कार्यक्रमअन्तर्गत महोत्तरी जिल्लाको विभिन्न ठाउँको विद्यालयहरुको निरीक्षण भ्रमणमा गइरहनुभएका सांसद सिंहले शुक्रबार शुकदेव माध्यमिक विद्यालय सुगा पुग्नुभएको थियो। सो क्रममा उहाँले कक्षामा प्रवेश गरेर विद्यार्थीहरुको पठनपाठनको अवस्थाबारे बुझ्न सो प्रश्न सोध्नुभएको थियो । स्थानीय अभिभावक भरत पाण्डेयले शुकदेव माध्यमिक विद्यालयमा अध्ययनरत प्राविधिक तर्फका विद्यार्थीहरु यति कमजोर रहेको देखेपछि आफुलाई एकदमै ग्लानी महसुस भएको बताउनुहुँदै सांसद सिंहको प्रश्नबाट शुकदेव माविको पठनपाठनको अवस्था उदाङ्गिएको बताउनुभयो।

सांसद सिंह विद्यालयको निरीक्षण र संवादका लागि आउने सूचना पाएपछि विद्यालय पुग्नुभएका अभिभावक पाण्डेयले विद्यालयमा विद्यार्थीहरुको सङ्ख्या बढी तर उपस्थिति कम देखिएको प्रति पनि प्रश्न उठेको बताउनुभयो । पठनपाठन मात्रै होइन विद्यालयले विद्यार्थी सङ्ख्या बढी देखाएर आर्थिक दोहन गरिरहेको अवस्था देखिएको आरोप लगाउनुभयो।

बालकक्षामा ४२ जना विद्यार्थीको सङ्ख्या देखाइए पनि सांसद सिंहसँगै कक्षाकोठामा पुग्दा सात जना विद्यार्थीको मात्रै उपस्थिति देखिएको थियो। उहाँले विद्यालयमा शिक्षाको अवस्था एकदमै नाजुक देखिएकाले तत्कालै प्रधानाध्यापकको सरुवा गरी पठनपाठनलाई गुणस्तरीय बनाउन आफुले विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई सुझाव दिएको जानकारी दिनुभयो। विगत दुई दशकदेखि सो विद्यालयको प्रधानाध्यापक कृष्णचन्द्र चौधरी रहँदै आउनुभएको छ।

संवादको क्रममा विद्यालयले पर्खाल लगाउने कार्यको व्यवस्थापन गरिदिन सांसद सिंहसँग आग्रह गरेका थिए । प्रधानाध्यापक तथा

**-बाँकी तीन पेजमा**






## सरकारले गरेको काम जनताबिच पुऱ्याउन निर्देशन

जनकपुर, १० फाल्गुन । नेकपा (एमाले) का सचिव एवम पूर्व उपप्रधानमन्त्री रघुवीर महासेठले एमाले नेतृत्वको सरकारले गरेको कामलाई जनताविचमा पुऱ्याउन नेता कार्यकर्तालाई निर्देशन दिनुभएको छ । एमाले जिल्ला संगठन कमिटी धनुषाले शनिबार जनकपुरधाममा आयोजना गरेको वडाकेन्द्रित पार्टी निर्माण अभियान अभिमुखिकरण कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो । उहाँले वर्तमान सरकार सफलतातर्फ अग्रसर भइरहँदा प्रधानमन्त्री केपी शर्मा ओलीको विषयमा विभिन्न प्रकारका गलत प्रचारवाजीहरु भइरहेको भन्दै त्यस्तो गलत प्रचारवाजीविरुद्ध जनतालाई सत्यतथ्य जानकारी गराउन आग्रह गर्नुभयो।

उहाँले जनताकै मतको आधारमा एमाले देशको पहिलो पार्टी बनेकाले संगठन निर्माणको क्रममा जनताको सेवक भएर जनताविचमा जान नेता कार्यकर्तालाई आग्रह गर्दै जनताकै



वलमा एमाले सरकारको नेतृत्व गरिरहेको बताउनुभयो । सचिव महासेठले सरकारले ल्याएको अध्यादेश जनताको हितमा रहेको बताउनुभयो।

कार्यक्रममा नेकपा (एमाले) का संगठन विभाग प्रमुख काशीनाथ अधिकारीले श्रमजिवी वर्गको सत्तामा नेतृत्वको लागि एमालेलाई आगामी निर्वाचनमा बहुमत दिन आग्रह गर्नुभयो।

एमाले मधेश प्रदेशका इन्चार्ज लिलानाथ श्रेष्ठले एमालेको मिसन २०८४ सालको निर्वाचनलाई केन्द्रीत गरी बहुमत ल्याउनका लागि अहिलेदेखि संगठनको विभिन्न तहका नेता कार्यकर्ताले इमान्दारितापूर्वक लाग्नुपर्ने बताउनुभयो । नेकपा एमाले धनुषाका अध्यक्ष राजकिशोर यादवको अध्यक्षतामा भएको सो कार्यक्रममा एमालेका

**-बाँकी तीन पेजमा**

# सम्पादकीय

## ग्रे लिस्टको कालो र सेतो पाटो

विश्वभर वित्तीय लेनदेनमार्फत आपराधिक र आतंकवादी कार्यमा हुने लगानीलाई निरुत्साहित गर्ने उद्देश्यले स्थापित फाइनान्सियल एक्सन टाक्सफोर्स (एफएटीएफ)’ ले नेपाललाई ग्रे लिस्ट’ मा ओरालेको छ। नेपालको आर्थिक अवस्था विगत आधा दशकदेखि लगातार कमजोर बन्दै गएको परिप्रेक्ष्यमा एफएटीएफको यस घोषणाले नेपालको अन्तर्राष्ट्रिय वित्तिय साखमा थप नकारात्मक असर पर्नेछ। नेपाललाई सहयोग गर्ने राष्ट्रहरूले दिने सहयोगमा थप कडा सर्तहरू लगाउने छन् भने नेपालमा लगानी गर्ने सोच बनाएका अन्तर्राष्ट्रिय कंपनीहरूले आफ्नो लगानीको निर्णयलाई केही पर सार्नेछन्।

एफएटीएफले नेपाललाई ग्रे लिस्ट’मा राख्नुको उद्देश्य नेपालको वित्तीय क्षेत्रको अनुगमनमा थप कडाइ र सुधार होस् भन्ने हो। तर, यो उद्देश्य प्राप्तिका लागि लिइएको कदम नेपालको आर्थिक विकासमा प्रत्युत्पादक बन्नसक्छ। आर्थिक निराशाको अवस्थामा नेपाललाई थप नकारात्मकतातर्फ धकेल्न खोज्दा अन्तर्राष्ट्रिय उद्देश्य प्राप्त हुनुभन्दा विश्वका ठूला आतंकवादी समूह तथा लागु औषध कारोबारी गिरोहहरूलाई नेपालमा प्रवेश गर्न थप सजिलो हुनसक्छ।

यो सूचीमा परेको कारणले सहज ढंगले विदेशी लगानी नआउने र विदेशसँगको व्यापार महँगिएर जाने हो भने वाध्यतावश नेपालको विश्व व्यापार गलत समूहतर्फ आकृष्ट हुनसक्छ। अहिले नै विदेशमा बसेका नेपालीहरूले धेरै शुल्क तिर्न नपरोस् भनेर हुन्डीबाट रकम पठाउँदै आएको अवस्थामा यो सूचई पश्चात बैंकिङ माध्यमबाट रेमिटेन्स पठाउन थप महंगो पर्नसक्छ। त्यसका कारण हुन्डी कारोबार झन् बढेर जाने जोखिम हुन्छ।

यस्ता ओझेलमा परेका पाटाहरूतर्फ ध्यान नदिई नेपाललाई दण्ड गर्न एफएटीएफले हतार गरेको देखिन्छ।

गत वर्षको जुन महिनामा ’एसिया प्यासिफिक ग्रुप अन मनी लन्डरिङ’ले नेपाल आएर नेपालको वित्तीय व्यवस्थापनको विषयमा अध्ययन गरेर प्रतिवेदन दिएको थियो। सो प्रतिवेदनका लागि नेपालले नै आफ्नो आर्थिक अवस्था पूनर्मूल्यांकन गर्न आग्रह गरेको हो। त्यस प्रतिवेदनमा नेपालले अधिकांश वित्तीय व्यवस्थापनका सर्तहरू पालना गर्दैगरेको, पालना गर्ने क्रममा रहेको वा केही हदसम्म पालना गरेको भनिएको छ। त्यस प्रतिवेदनका आधारमा पनि नेपाल खरानी रंगको सूचीमा नपर्नुपर्ने हो।

त्यस्तै, गत डिसेम्बर महिनामा नेपालको ’सोभेरिन कन्ट्री रेटिङ बीबी माइनस’ थियो। अन्तर्राष्ट्रियरूपमा ख्याति कमाएको फिच रेटिङले नेपालको वित्तीय अवस्था भारतभन्दा राम्रो र लगानीका लागि उपयुक्त घोषणा गरेको थियो। त्यस्तो अवस्थामा रहेको देश अचानक किन ग्रे लिस्ट’मा पर्न गयो भन्ने प्रश्न स्वभाविक रूपमा उठ्छ। यस विषयमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकले जनतालाई सम्झाउनु पर्छ। यस विषयमा अन्तर्राष्ट्रिय जगत सामु हाम्रो देशको सत्य, तथ्य स्पष्ट ढंगले राखिनुपर्छ।

एफएटीएफको ग्रे लिस्ट को सफेद पाटो पनि अवश्य छ। यसले नेपालका नीति निर्मातालाई झक्झक्याएको हुनुपर्छ। नेपालमा कालो धनको प्रवेशलाई रोक लगाउन र सम्पत्ति शुद्धीकरणको विषयमा अझ सशक्त रूपमा ऐन कानुन बनाउन यस सूचीले थप सजग बनाएको छ। नेपाल सरकारले कतिपय कडा कानुन भएका देशमा बैंक खाता खोल्नसमेत नपाउने अवस्था सिर्जना हुनसक्ने र कतिपय व्यापारको भुक्तानी नहुने अवस्था आउनसक्ने हुनाले पनि नेपाल थप सचेत बन्नैपर्ने हुन्छ।

नेपाल पहिले पनि एफएटीएफको खरानी रंगको सूचीमा परिसकेको हो। त्यसबेला सरकारी निकायहरूले इमानदार, सोझा र कुनै पनि तवरले कालो धनको सेरोफेरोमा नपर्ने निकाय र व्यापारिक संस्थालाई दुःख दिएर सम्पत्ति शुद्धीकरण कानुनलाई ’असुली गर्ने’ बहाना बनाएका धेरै घटना सार्वजनिक भएका थिए। अब फेरि दुई वर्षसम्म बस्नुपर्ने खरानी रंगको सूचीका कारण सर्वसाधारण व्यक्ति र इमानदार संस्थाले दुःख नपाउन्।




# सीमान्तीकृत समुदायमाथि वित्तीय उत्पीडन

**जेबी विश्वकर्मा**

कृत्ति सबैको साझा हो । साझा स्रोतको उपयोग पनि सबैले न्यायोचित रूपमा गर्न पाउनुपर्छ । तर, संसार यस्तो छैन । सीमित मानिसले संसारभरिको अधिकतम स्रोतमाथि कब्जा गरेर धनी भएका छन् भने गरिबको संख्या गुणात्मक रूपमा बढ्दै गइरहेको छ । वर्ल्ड इनइक्वालिटी रिपोर्ट, २०२२’ ले संसारको १० प्रतिशत धनीसँग ७६ प्रतिशत र ५० प्रतिशत नागरिकसँग जम्मा २ प्रतिशत मात्रै सम्पत्ति रहेको तथ्य सार्वजनिक गरेको थियो ।

यसैगरी सन् २०२४ मा अक्सफामले प्रकाशित गरेको एक प्रतिवेदनअनुसार, संसारको १ प्रतिशत धनीसँग ९५ प्रतिशत कमजोर आर्थिक अवस्था भएका जनतासँगभन्दा बढी सम्पत्ति रहेको तथ्यांक सार्वजनिक गरेको थियो । सो प्रतिवेदनले १ प्रतिशतले संसारको ४३ प्रतिशत वित्तीय सम्पत्ति कब्जा गरेका उल्लेख गरेको छ । यसले संसारमा निश्चित व्यक्ति र कर्पोरेटको अधिक नियन्त्रण रहेको र बहुसंख्यक मानिस सम्पत्ति र वित्तीय स्रोतबाट विमुख हुनुपरेको वा गरिबीको अवस्थामा बाँच्नुपरेको यथार्थ देखाउँछ ।

विश्वको आर्थिक शक्ति अमेरिकामा पनि ११.५ प्रतिशत मानिस गरिबीको रेखामुनि छन् । भारतमा त्यस्तो जनसंख्या करिब २२ प्रतिशत छ । सन् २०२१ को एक प्रतिवेदनअनुसार छिमेकी भारतको १ प्रतिशत धनाढ्यले ४०.५ प्रतिशत सम्पत्ति कब्जा गरेका छन् । यसरी गरिबीको रेखामुनि रहन बाध्य समूहमध्ये अमेरिकामा अफ्रिकन अमेरिकन’ सबैभन्दा बढी छन् भने हिस्प्यानिक’ दोस्रो स्थानमा छन् ।

भारतमा भने मूलतः दलित, आदिवासी जनजाति र मुस्लिमको संख्या बढी गरिबीको रेखामुनि छ । नेपालको सन्दर्भमा, बहुआयमिक गरिबीको सूचकांकले १७.४ नेपाली बहुआयमिक गरिबीको अवस्थामा रहेको देखाएको थियो । त्यस्तै, राष्ट्रिय जीवनस्तर सर्वेक्षणले २०.२७ प्रतिशत नेपाली गरिबीको रेखामुनि रहेको देखाएको छ । यसरी गरिबीको रेखामुनि रहनेमा सबैभन्दा धेरै दलित र सीमान्तीकृत समुदाय नै छन् ।

सन् १९५० आसपास एकातिर विश्व राजनीतिक रूपमा लोकतान्त्रीकरणको प्रक्रियामा अगाडि बढ्यो भने अर्कोतिर तीव्र गतिमा विकास भएको विश्व पुँजीवादको विकास हुँदै गयो । सैद्धान्तिक रूपमा हेर्ने हो भने लोकतान्त्रिक राज्य व्यवस्थाको विकासले समानता र न्याय प्रवर्द्धन गर्नुपर्ने हो तर नवउदारवादी पुँजीवादको दबदबाका कारण संसारभरि नै चरम आर्थिक असमानता र विभेदको सिर्जना गर्न पुग्यो ।

नेपालमा सामन्तवादी अर्थ–राजनीतिक व्यवस्थामा राज्यको सम्पूर्ण प्राकृतिक र वित्तीय स्रोत सामन्तको कब्जामा थियो । २०४६ पछि विकासित हुँदै गरेको पुँजीवादी व्यवस्थामा पनि तिनै सामन्त पुँजीपतिमा रूपान्तरित भएका छन् । अर्थात्, नेपाली समाजका श्रमजीवी, मजदुर र किसानमाथि वित्तीय शोषण र उत्पीडनको चक्रले निरन्तरता पाइरहेको छ । यसरी आर्थिक विपन्नताको अवस्थामा रहने वा गरिबीको रेखामुनि बाँच्न विवश हुनेमा दलित, मुस्लिम र सीमान्तीकृत समुदायको संख्या सबैभन्दा बढी छ ।

**वित्तीय दुष्चक्रमा सीमान्तीकृत समुदाय**

नेपालमा गरिबी निवारणको बहस सुरु भएको झन्डै ६ दशक भयो । तर, गरिबीको बहस हुँदा नेपालको धनी वर्ग कुन हो ? कुन समुदाय हो ? किन निश्चित जातजाति र समुदाय चरम गरिबीको अवस्थामा पुगे ? देशको प्राकृतिक स्रोतसाधन र सम्पत्तिमाथि एकाधिकार र आधिपत्य रहँदै आयो भन्ने ऐतिहासिक सन्दर्भबारे खासै बहस र छलफल हुने गरेका छैनन् ।

नेपालमा बहुसंख्यक सीमान्तीकृत समुदायलाई कसरी गरिबीको दुष्चक्रमा फसाइयो र निश्चित परिवार र समुदायले कसरी राज्यको स्रोतसाधन र सम्पत्ति कब्जा गरेका थिए भन्ने विषयलाई ऐतिहासिकतामा हेर्नुपर्छ । त्यसरी नहेर्दासम्म न त गरिबीको बहस पूर्ण हुन्छ, न त आर्थिक विकास र समृद्धिको यात्राले सार्थकता पाउँछ । उदाहरणका लागि, आजीवन समाजका आवश्यकता पूर्तिका लागि श्रम, सीप र कलाको प्रयोग गर्ने दलितलाई जातकै कारण पुस्तौंपुस्ता शोषण मात्रै गरिएन, दासको जीवन बाँच्न बाध्य पारियो ।

श्रमबापत् पुँजी पाउने अवस्था हुन्थ्यो भने स्वाभाविक रूपमा दलितको आर्थिक जीवन निकै उच्च हुने थियो । कृषि क्षेत्रमा अत्यधिक श्रम र पसिना बगाउने दलितले भूमिमाथि अधिकार प्राप्त गरेको भए, दासताबाट मुक्ति मात्रै पाउने थिएनन्, आर्थिक–सामाजिक जीवनमा निकै ठूलो रूपान्तरण हुने थियो । यसैगरी, थारूले आवाद गरेको जमिन पहाडका शासकले लुटेर कमैया नबनाएको भए थारूको आर्थिक जीवन अर्कै हुन्थ्यो ।

राज्यसत्ताका हर्ताकर्ताले भूमिसुधारका नाममा आदिवासी जनजातिको जमिन कब्जा गरेकै कारण कतिपय आदिवासी परम्परागत थातथलोबाट विस्थापित हुन पुगेका छन् । यसरी सीमान्तीकृत समुदायमाथि राज्यसत्ताको बागडोर सम्हालेर बसेको वर्ग र समुदायले अत्याचार गरेको ऐतिहासिकतालाई भुलेर गरिने विकासको बहसले उत्पीडित समुदायमाथि न्याय दिन सक्दैन ।

२०४६ पछिको खुला बजार अर्थनीतिमा आधारित लोकतान्त्रिक व्यवस्थामा पनि सीमान्तीकृत समुदाय नै सबैभन्दा बढी आर्थिक शोषण र वित्तीय उत्पीडनमा परेका छन् । उदाहरणका लागि दलित समुदायको परम्परागत पेसा र व्यवसाय आधुनिकतासँगै पुँजीपतिको नाफामा रूपान्तरित भएको छ । सीप र व्यवसायको आधुनिकीकरण र व्यावसायीकरणका लागि आवश्यक पुँजीको अभावमा अधिकांश दलित समुदाय परम्परात पेसाबाट विस्थापित मात्रै भएका छैनन्, बेरोजगारीको भुमरीमा फसेका छन् ।

किसानले संघर्ष गरेर उत्पादन गरेको कृषिवस्तुबाट सत्तावरिपरि हुने बिचौलियाले अकूत नाफा कमाइरहेका छन् । बिचौलियाको अत्याचार अन्त्य गर्नुपर्ने राज्य अन्नतः बिचौलियाकै स्वार्थ रक्षामा संलग्न हुन्छ । यसबाट अन्ततः श्रम गर्ने वर्ग, किसान र मजदुरलाई गरिबीको दुष्चक्रबाट बाहिर उम्कनै नदिने परिस्थिति निर्माण भएको छ । मूलतः यस्तो समस्याबाट उत्पीडित समुदाय नै बढी प्रताडित बन्न पुगेका छन् । त्यसैले नेपालमा गरिबी वा आर्थिक रूपान्तरणको बहसमा यस्ता मुद्दाले खासै स्थान पाउने गरेका छैनन् ।

गत आर्थिक वर्षको अन्त्यसम्म सरकारको ऋण २४ खर्ब ३४ अर्ब ९ करोड थियो । गत माघसम्म त्यस्तो ऋण २६ खर्ब ११ अर्ब ६ करोड पुगेको छ । त्यसमध्ये आन्तरिक १२ खर्ब ८२ अर्ब ८१ करोड र बाह्य १३ खर्ब २८ अर्ब २५ करोड छ । केपी ओलीको नेतृत्वमा सरकार गठन भएपछि पनि धमाधम ऋणको मात्रा बढाउँदै गइरहेको देखिन्छ । राज्यले एकातिर जनतालाई करको मार थोपरिरहेको छ भने अर्कोतिर दिन–दिनै ऋणको भारी थोपरिरहेको छ ।

यसले पुस्तौंदेखि आर्थिक शोषण र वित्तीय उत्पीडन भोग्न बाध्य पारिएका समुदायको आर्थिक जीवन ध्वस्त पार्दै गइरहेको छ । तर, पुँजीपति, ठेकेदार र पेसेवर दलाल र बिचौलियाले यही व्यवस्थाबाटै अकूत फाइदा लिइरहेका छन् । राज्य गरिब र सीमान्तीकृत समुदायले ऋणको भारी बोकेर बिचौलियाको स्वार्थ रक्षामा तल्लीन छ । यस्तो आर्थिक व्यवस्थाबाट गरिब र सीमान्तीकृत समुदाय झन्–झन् गरिबीको चक्रमा फसिरहने खतरा बढाएको छ ।

सन् २०२६ बाट नेपाल अल्पविकसितबाट विकासोन्मुख देशमा रूपान्तरित हुँदै छ । समग्रमा हेर्दा नेपालले विकासमा फड्को मारेको देखिन्छ । तर, ऐतिहासिक रूपमा विपन्नता, गरिबी र असमानताबाट गाँजिएको सीमान्तीकृत समुदायको आर्थिक जीवनमा सुधार नआउँदासम्म नेपाल विकासोन्मुख देशमा रूपान्तरित हुनुले कुनै अर्थ राख्दैन ।

त्यसैले नेपालको आर्थिक रूपान्तरण, गरिबी निवारण वा समृद्धिको बहसले सीमान्तीकृत समुदायमाथि भएको ऐतिहासिक वित्तीय शोषण, वर्तमान परिस्थिति र यसबाट मुक्तिको सवाललाई अनिवार्य समावेश गर्नुपर्छ । विश्व पुँजीवादले निर्माण गरेको चरम आर्थिक असमानताको समीक्षाका साथै नेपालको नवउदारवादी पुँजीवादले सीमान्तीकृत समुदायको आर्थिक जीवनमा पारेको संकटको विश्लेषण नगरी नेपालमा गरिबीको अन्त्य र समन्यायिक आर्थिक विकास असम्भव छ ।

**नारामा सीमित समाजवाद**

सैद्धान्तिक रूपमा नेपालका सबैजसो राजनीतिक पार्टीले समाजवादी अर्थ–राजनीतिक व्यवस्थालाई आत्मसात गरेको देखिन्छ । समाजवादकै नाममा राजनीतिक पार्टी पनि गठन भएका छन् । यसरी गठन भएका धेरैजसो राजनीतिक पार्टीको संसद्मा प्रतिनिधित्व छ । सत्ता गठबन्धनको नेतृत्व गरेको नेकपा (एमाले) होस् वा नेपाली कांग्रेसले पनि बेलाबखत समाजवादबारे चर्चा गर्छन् । तर, नेपालको सीमान्तीकृत समुदायमाथि भएको ऐतिहासिक शोषण, दमन र अत्याचारबाट सिर्जित समस्याको समाधान दिने समाजवादी आर्थिक विचार वा दृष्टिकोण कुनै पनि संसदीय राजनीतिक पार्टीमा देखिँदैन ।

समाजवादी अर्थतन्त्र निर्माणप्रति प्रतिबद्धता भएको भए कम्तीमा तिनले समाजवादी आर्थिक प्रणालीबारे पार्टीभित्र छलफल गर्थे । सरकारको नीति तथा कार्यक्रम निर्माण हुँदा वा बजेट विनियोजन गरिँदा समाजवादी अर्थव्यवस्थाबारे चर्चा हुन्थ्यो । सबैजसो पार्टी समाजवादलाई आलंकारिक नाराबाहेक केही बनाउन चाहँदैनन्, किनकि अहिलेको अराजक पुँजीवादी व्यवस्थाबाटै तिनले सबैभन्दा धेरै फाइदा लिन पाएका छन् ।

अर्थतन्त्रमाथि अधिक नियन्त्रण राख्ने पुँजीपति र बिचौलियाबाट पार्टी नेतृत्व र कार्यकर्ताले फाइदा पाएकै छन् । बिनाश्रम लाखौं कार्यकर्ताको जीवनमा आर्थिक रूपान्तरण भएको छ । यी पार्टीलाई न त गरिबमाथि राज्यले जबर्जस्त थोपरेको ऋणको कुनै चासो छ, न त आर्थिक अभावकै कारण आत्महत्या गर्न विवश नागरिकको जीवनको मतलब छ ।

नेपालको कुल ग्राहस्थ्य उत्पादनमा रेमिट्यान्सले २३ देखि ३० प्रतिशतसम्म योगदान गर्दैआएको छ । गरिब, श्रमिक र मजदुरले वैदेशिक रोजगारीमा गएर देशकै आर्थिक क्षेत्रमा यति ठूलो योदान गरेका छन् । रेमिट्यान्स राज्यको अर्थतन्त्रको मेरुदण्डका साबित भएको छ । अर्कोतिर वैदेशिक रोजगारीकै कारण सीमान्तीकृत समुदायको गरिबीमा पनि केही मात्रामा कमी आएको छ । यसरी सीमान्तीकृत समुदायको गरिबी न्यूनीकरणका लागि वैदेशिक रोजगारीले योगदान गरेको छ तर राज्यको खासै भूमिका छैन । गरिबले आफ्नै बलबुतामा गरिबी घटाउने कोसिस गरेका छन् ।

दलाल र बिचौलियाको नियन्त्रणमा रहेको आर्थिक व्यवस्थाले सीमान्तीकृत समुदायको आर्थिक जीवनमा रूपान्तरण गर्नसक्दैन भन्ने विगतको लामो अभ्यासले देखाइसकेको छ । त्यसैले राज्यले नियोजित रूपमा आर्थिक स्रोत, साधन र पहुँचबाट वञ्चितीकरणमा पारेको सीमान्तीकृत समुदायको प्राकृतिक स्रोतसाधनमाथि न्यायपूर्ण पहुँच, स्वामित्व र नियन्त्रण हुने, उत्पादन, बजार, विनिमय र उपभोगमा समुदायकै स्वामित्व र नियन्त्रण हुने र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र निर्माण हुने प्रकृतिको समाजवादी अर्थप्रणालीले मात्रै गरिब र सीमान्तीकृत समुदायको आर्थिक जीवनमा रूपान्तरण ल्याउन सक्छ । त्यसैले सीमान्तीकृत समुदायको हितमा हुने अर्थप्रणाली निर्माणका लागि आवश्यक बहस र छलफललाई तीव्रताका साथ अगाडि बढाउन जरुरी छ, ताकि नारामा होइन, वास्तविक समाजवादतर्फ देश अगाडि बढ्न सकोस् ।

## प्रतिक्षित...

बासिन्दा आजित रहेका थिए।

बिहीबारदेखि हरिपूर्वा सब स्टेसन चालू भएसँगै अनियमित विद्युत् कटौती र भोल्टेजको समस्या समाधान भएको हरिपूर्वा नगरपालिका–२, का स्थानीय वासिन्दा समेत रहेका पत्रकार मुकेश झाले बताउनुभयो। हरिपूर्वा र पर्सा क्षेत्रका स्थानीय लामो समयदेखि हरिपूर्वा सब स्टेसन सञ्चालनको प्रतिक्षामा रहेका थिए।

हरिपूर्वा नगरपालिका २ मा केही वर्षअघि नै सब स्टेसन निर्माण भएपनि हरिपूर्वा र ईश्वरपुर नगरपालिकाको केही क्षेत्रमा बिजुलीको पोल गाड्ने विषयमा विवाद हुँदा सब स्टेसन नै अलपत्र रहेको थियो। गएको कात्तिकमा पोल गाड्ने काम सकेर बल्ल सब स्टेसन सञ्चालनमा ल्याइएको हो। हरिपूर्वा सब स्टेसनमा कार्यरत प्राविधिक मेघाकान्त साहले सब स्टेसनमा १६ एमभिएको ट्रान्सफर्मर जडान गरिएको जानकारी दिनुभयो। प्राविधिक साहका अुनसार बिहीबार लोड दिन सुरु गरिएदेखि सब स्टेसनमा कुनै प्रकारको प्राविधिक समस्या देखा परेको छैन्। पूर्व पश्चिम राजमार्गस्थित बाँके चोकमा ढल्केबरतर्फबाट ल्याइएको ३३ केभी लाइन जोडेर श्रीनगर, वसन्तपुर, हरिपूर्वा हुँदै हरिपूर्वा नगरपालिका २ मा निर्माण भएको सब स्टेसनमा पुऱ्याइएको छ।

## शिक्षाको...

अभिभावकहरुले विद्यालय प्राङ्कणमा पर्खालको आवश्यकता देखिएकाले लेखा समितिका सदस्य समेत रहनुभएका सिंहलाई सो को व्यवस्थापनका लागि आग्रह गरिएको बताएका छन्। सो अवसरमा भारतीय दूतावासको सहयोगमा निर्माण गरिएको भवनको अवस्था देखेर सांसद सिंहले भवनको रंगरोगनका लागि दूतावासलाई नपर्खिकन समेत आग्रह गर्नुभएको थियो।

उहाँले अमरेशकुमार सिंह अहिले महोत्तरी जिल्लाको विभिन्न गाउँठाउँमा जनसंवादऽ कार्यक्रम लिएर पुगिरहनुभएको छ। जनताको घरदैलोमा नै पुगेर उनीहरुको समस्या सुन्ने र समाधानको विषयमा छलफल गर्ने जनसंवाद गरिएको सभासद सिंहको भनाइ छ। उहाँले मधेशको अवस्था बुझ्न आफुले जनसंवाद कार्यक्रम गरिरहेको बताउनुहुँदै हरेक महिना हरेक जिल्लाको गाउँठाउँ घुम्ने र समस्याहरु बुझेर समाधानको बाटो पहिल्याउने सोच कार्यक्रमको रहेको स्पष्ट गर्नुभएको थियो। आफुले आधादर्जनभन्दा बढी विद्यालयको निरीक्षण गर्दा शिक्षाको अवस्था एकदमै कमजोर रुपमा पाएको बताउनुहुँदै शिक्षालाई अगाडि बढाउन सबैले हातेमालो र सहयोगको आवश्यकता रहेकोमा जोड दिनुभयो।

## सरकारले...

पोलिटव्यूरो सदस्य जुलीकुमारी महतो, मधेश प्रदेशका अध्यक्ष चन्देश्वर मण्डल, एमालेका केन्द्रिय सदस्य हरिनारायण महतो सहितका नेताहरुले कार्यकर्तालाई प्रशिक्षण दिनुभयो।

# सिसा, धातु र प्लास्टिकजन्य फोहर व्यवस्थापन अभियान



काठमाडौं, १० फाल्गुन। मुस्ताङमा नकुहिनेसिसा, धातुर प्लास्टिकजन्य फोहर व्यवस्थापन अभियान सञ्चालन भएको छ। स्थानीय तह, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), आमा समूह र युवा क्लबहरूले प्रदूषण न्यूनीकरण गर्न प्लास्टिक, धातु र सिसाजन्य फोहर व्यवस्थापनमा जुटेका हुन्।

एक्याप जोमसोमका प्रमुख प्रमोदराज रेग्मीले पदमार्ग र बस्तीमा नकुहिने फोहर सङ्कलन गरेर पोखरा पठाउने व्यवस्था मिलाएको जानकारी दिए। "हिमाली भूगोल भएको मुस्ताङमा प्लास्टिक र सिसाजन्य फोहरका कारण प्रदूषण बढ्न थालेको, मानिस, घरपालुवा जनावर र वन्यजन्तुको स्वास्थ्यमा असर पर्ने देखिएकाले व्यवस्थापन अभियान चलाएको हो", उनले भने "टोल र वडा स्तरमा सिसा र प्लास्टिकजन्य फोहर राख्ने ठाउँ बनाइएको छ।"

सङ्कलन हुने फोहरलाई एक्यापले गाडीमा ढुवानी गरेर पोखरा पुनःप्रशोधन केन्द्रमा पठाउने व्यवस्था मिलाएको रेग्मीले बताए। मुस्ताङको नकुहिने फोहर व्यवस्थापनका लागि पोखराको ग्रिन रोड वेष्ट म्यानेजमेन्ट प्रालिसँग सम्झौता भएको छ। ग्रिन वेष्ट म्यानेजमेन्टले फोहरलाई प्रसोधन गरेर पुनःप्रयोग गर्न मिल्ने र अन्य सामग्री बनाउने गर्छ।

घरपझोङ गाउँपालिका–४ जोमसोम र वडा नं ३ पुथाङमा सङ्कलन भएको एक सय २९ बोरा (एक हजार नौ सय ८६ किलोग्राम) प्लास्टिक, सिसा र टिनजन्य फोहर यसै हप्ता पोखरा पठाइएको एक्याप जोमसोमले जनाएको छ। यसअघि गत माघ ३ गते घरपझोङको स्याङ र ठिनीबाट ५४ बोरा र २६ कार्टुन (एक हजार दुई सय ३८ दशमलव पाँच) किलोग्राम फोहर पोखरा पठाइएको थियो। गत कात्तिक पहिलो हप्ता चार हजार पाँच सय १६ मिटर उचाइमा रहेको थोराङ्ला पासमा प्रहरी र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका जनप्रतिनिधिको सहभागितामा करिब ३० बोरा नकुहिने फोहर सङ्कलन र व्यवस्थापन गरिएको थियो।

घर तथा होटलमा हुने र सार्वजनिक स्थलका सिसा, प्लास्टिक र टिनजन्य फोहरलाई सङ्कलन केन्द्रमा राख्ने गरिएको छ। फोहरका कारण दीर्घकालीन हिसाबले वातावरण प्रदूषण हुनुका साथै वन्यजन्तु र घरपालुवा बस्तुले खाएर उनीहरू बिरामी पर्ने समस्या देखिएपछि व्यवस्थापन गर्न थालिएको एक्याप जोमसोमका प्रमुख रेग्मीले बताए।

एक्यापले यस वर्ष घाँसा, लेते र कोवाङमा थप फोहर सङ्कलन केन्द्र बनाउने तयारी गरेको छ। घरपझोङ गाउँपालिकाले प्रदूषण नियन्त्रणका लागि सिसाजन्य मदिराको बिक्री वितरणमा कडाइ गरेको र प्लास्टिकको झोलाको विकल्पमा कपडाको झोला प्रयोगको अभियान सञ्चालन गरेको अध्यक्ष मोहनसिङ लालचनले बताए।

# उडिसाबाट काँकरभिट्टा हुँदै २० जना विद्यार्थी फर्किए

जनकपुर, १० फाल्गुन। भारतको उडिसास्थित कालिङ्का इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (किट) मा अध्ययनरत २० जना विद्यार्थी काँकरभिट्टा नाका हुँदै नेपाल फर्किएका छन्। गत फागुन ६ गतेदेखि सो नाका हुँदै आज बिहानसम्म २० जना विद्यार्थी नेपाल फर्किएको जिल्ला प्रहरी कार्यालय झापाका निमित्त प्रवक्ता प्रहरी निरीक्षक विजय चौहानले जानकारी दिए। दैनिक एक दुई जना फर्किरहेका छन्, उनले भने, आउनेक्रम जारी छ, आएका विद्यार्थीहरु आफ्नो गन्तव्यतर्फ लागिसकेका छन्।

काँकरभिट्टा नाका हुँदै कास्की पोखरा–८ का २० वर्षीय सुलभ पौडेल, २० वर्षीय आयुश अधिकारी, काठमाडौँ–१० का २१ वर्षीय समिम पौडेल, ललितपुर महालक्ष्मी–४ का २० वर्षीय आकाश साह, काठमाडौँ–१३ का २० वर्षीय पुयुश साह र काठमाडौँ गोकर्णेश्वर–७ का २० वर्षीय विकेश श्रेष्ठ रहेका छन्। त्यस्तै, सप्तरीको राजविराज–२ की २० वर्षीया आरती रोही, २१ वर्षीया सालिमी दास, २० वर्षीय रिसक सिंह, २० वर्षीय आयुस राज, २० वर्षीय प्रजित यादव, २० वर्षीय राकेस साह, २१ वर्षीय क्रिस दास, २० वर्षीय नवीन मण्डल रहेका छन्।

यसैगरी सुनसरी इनरुवा–१ का २१ वर्षीय ओमप्रसाद पोदार, मोरङ विराटनगर–१२ का २१ वर्षीय आदित्य मिश्र, सप्तरी भारदह–२ का २२ वर्षीय केशव गोहिबार, काठामाडौँ इचम्भु–१ का २३ वर्षीय शुभम् केसी, मकवानपुर हेटौँडा–२ का २३ वर्षीय रिसभ झा र महोत्तरको जलेश्वर–१२ का १८ वर्षीया आरुसी सिंह रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।


## नसर्ने रोगहरुको पहिचानका लागि एक महिने अभियान

फागुन २०८१

नेपालमा मृत्यु र अपाङ्गताको मुख्य कारणका रूपमा रहेको नसर्ने रोगको बढ्दो जोखिमलाई ध्यानमा राखी यहि फागुन महिनाभर नसर्ने रोगहरूको रोकथाम, प्रारम्भिक पहिचान, र व्यवस्थापनका लागि देशव्यापी अभियान सञ्चालन हुँदैछ।

यदि तपाईंको उमेर ३० वर्षभन्दा माथि छ भने नजिकैको वा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई यी जाँचहरु गराई आफ्नो स्वास्थ्य अवस्था थाहा पाउनुहोस् र स्वास्थ्य प्रतिको आफ्नो जिम्मेवारी पुरा गर्नुहोस्।

- मधुमेह जाँच (रगतमा चिनीको मात्रा परीक्षण)
- मिर्गौला सम्बन्धी रोगको जाँच
- रक्तचाप (ब्लडप्रेसर) मापन
- उचाइ र तौलको आधारमा BMI मापन

यो अभियान देशभरका स्थानीय तह अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूमा सञ्चालन हुँदैछ।

समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ।

विष्णुपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विष्णुपुर, सिरहा
मधेश प्रदेश, नेपाल



## श्री भगवती गाई भैंसी तथा कुखुरा पालन कृषक समूह

**नवराजपुर गा.पा.–१, तामासुईया सिरहा, मधेश प्रदेश, नेपाल**

### शिलबन्दी दरभाउ आव्हानको सूचना

**सूचना प्रकाशित मिति : २०८१/११/११**

यस श्री भगवती गाई भैंसी तथा कुखुरा पालन कृषक समूहबाट तपसिल बमोजिमको कार्य शिलबन्दी दरभाउ पत्रको माध्यमबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट मान्यता प्राप्त सप्लायर्सहरु/आपूर्तिहरु/निर्माण व्यवसायीहरुलाई आ–आफ्नो स्थायी लेखा नं. दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र र कालो सूचीमा नरहेको स्वघोषणा पत्र संलग्न राखी निम्न अनुसारको शर्तहरुको अधिनमा रही मिति २०८१।११।०८ गते दिनको १२:०० बजे भित्रमा रितपूर्वक सिलबन्दी सिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु:**

१. ईच्छुक निर्माण व्यवसायीले यस उप आयोजनाको लागि निर्माण कार्य सम्बन्धी थप जानकारी यस संस्थाको कार्यालयबाट प्राप्त गर्न सक्नेछ। सम्पर्क नं. ९८४२८२९१९८

२. ईच्छुक निर्माण व्यवसायीले मिति २०८१/११/२५ गते कार्याय समय सम्म ददरभाउत्र (Bid Documents) वापतको रु. ३०००/– (पछि फिर्ता नहुने गरी) बैंमा जम्मा गरकौ भौचार पेश गरी वा सोझै कार्यालयमा नगद जम्मा गरी दरभाउपत्र खरिद गर्न सक्ने छ

३. निर्माण व्यवसायले शिलबन्दी दरभाउपत्र पत्र पेश गर्दा नेपाल सरकारको नियमानुसार कम्तिमा नब्बे (९०) दिन म्याद भएको संस्था नाममा बैंक जमानत पत्र (Bid Security) वा संस्थाको खातामा साझै नगद जम्मा गरेको भौचर शिलबन्दी दरभाउ पत्र संगै बुझाउन पर्नेछ।

४. तोकिएको समय पश्चात पेश हुन आएका दरभाउपत्र मान्यहुने छैन। मिति २०८१।११।२५ गते दिनको ०१:०० बजे यसै संस्थाको कार्यालयमा संस्थाका पदाधिकारीहरु/निर्माण व्यवसायीको तर्फबाट आएका प्रतिनिधिहरुको रोहवरमा पेश भएको दरभाउहरु खोलिनेछ तर निर्माण व्यवसायीको प्रतिनिधिहरुको उपस्थित उपस्थित नभए पनि पेश भएका दरभाउहरु खोल्न बाधा पर्ने छैन।

५. निर्माण व्ववसायले संस्थालको उद्देश्य भित्र रही शिलबन्दी दरभाउपत्र ठेक्का विवरण पेश गर्न सक्ने।

६. संस्थाको बैंक खाताको नाम श्री भगवती गाई भैंसी तथा कुखुरा पालन कृषक समूह

७. बै.कको नाम र शाखा ठेगाना : हिमालय बैंक लिमिटेड, धनगढी शाखा, सिरहा

८. बैंकको चलती खाता नम्बर : २८६२२५६६५३००११

९. थप जानकारीको लागि : सुरेन्द्र प्रसाद यादव (संस्था अध्यक्ष, सम्पर्क नं. ९८४२८२९१९८)

**तपसिल**

| ठेक्का नम्बर | कार्यको विवरण | भ्याटसहित जम्मा लागत (रू.) | बैंक जमानत रकम (रू.) |
|---|---|---|---|
| SBGBTKPKSL-01-2081-082 | गाई भैंसीको गोठ निर्माण र कम्पोष्ट पिट निर्माण | ३७,८९,२८८/– | ९४,७३५/– |



## लहान नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**(प्रधानमन्त्री रोजगार कार्यक्रम)**
**लहान, सिरहा**
**मधेश प्रदेश, नेपाल**

### न्यूनतम रोजगारीमा संलग्न हुनको लागि आवेदन दिने बारे सूचना।

नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आर्थिक वर्ष २०८२/०८३ मा लहान नगरपालिकामा रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बरावरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक १८ देखि ५९ वर्ष भित्र उमेर समुहका बेरोजगार व्यक्तिहरु बाट २०८१ फाल्गुन १ गते देखि २०८१ फाल्गुन मसान्त भित्रमा आफूले स्थायी बसोवास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सुचीमा सुचिकृत गराउन हुन अनुरोध छ। गत आ.व.मा फारम भरि सकेकाहरुले समेत आ.व. २०८२/०८३ काम गर्न ईच्छुक भएमा पूनः फारम भर्नुपर्ने छ। यस सम्बन्धी विस्तृत जानकारी रोजगार सेवा केन्द्र, लहान नगरपालिकाबाट प्राप्त गर्न सकिने छ।

नोटः– *निवेदन दिन आउँदा आफ्नो परिवारको सम्पूर्ण सदस्यहरुको नागरिकता प्रमाण पत्रको स्पष्ट देखिने प्रतिलिपि, नागरिकता नभएको खण्डमा जन्मदर्ताको प्रतिलिपि, महिलाको हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि र अन्य स्थानिय निकाय वाट बसाईसराई गरी आएको भए बसाईसराई प्रमाणपत्रको प्रतिलिपि निवेदन साथै संलग्न राख्नुहुन अनुरोध छ साथै फारम फोटो सहित विवरणहरु पूर्ण रुपमा भरी निवेदकको सहीछाप भएको र वडा अध्यक्ष वाट प्रमाणित भएको हुनुपर्दछ।*

# ७५३ वटै पालिकामा स्थानीय युवा परिषद् गठन गर्न माग

जनकपुर, १० फाल्गुन । नेपाल सरकार अन्तर्गत राष्ट्रिय युवा परिषद् र युवालयको आयोजनामा हालसम्म गठन भएका देशभरका स्थानीय युवा परिषद्का उपाध्यक्षहरूको प्रथम सम्मेलनले सात बुँदे ध्यानाकर्षण पत्र जारी गरेको छ। सम्मेलनले नीति निर्माणदेखि कार्यान्वयन तहसम्म युवाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सर्वपक्षीय पहलका लागि आव्हान गरेको हो । तीन दिनसम्म चलेको सम्मेलनमा हालसम्म औपचारिक रूपमा गठन भएका देशभरका तीसवटा स्थानीय युवा परिषद्का कार्यकारी उपाध्यक्षहरूको सहभागिता रहेको थियो । राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले युवा सशक्तीकरणको लागि संघ, प्रदेश र स्थानीय तहमा समन्वय र सहकार्य बढाउन सम्मेलन आयोजना गरिएको बताए। बस्नेतले भने–“ युवाहरूलाई आफ्नै देशभित्र सकारात्मक आशा र ऊर्जा बढाउन ७५३ वटै पालिकामा स्थानीय युवा परिषद्को गठन गर्नुपर्दछ। बस्नेतले युवा सशक्तीकरण र अर्थपूर्ण सहभागिताका लागि जहाँजहाँ कार्यकारी सरकार , त्यहाँत्यहाँ युवाका संरचना आवश्यक रहेको बताए ।

युवा तथा खेलकुद मन्त्रालयका सचिव डा.हरिप्रसाद लम्सालले विद्यमान जनसाङ्ख्यिक लाभांशको सदुपयोग गर्न युवा मैत्री शासन र सशक्तीकरणमा मन्त्रालय तदारुकताका साथ लागिरहेको बताए। लम्सालले चाँडै राष्ट्रिय युवा नीति २०८१ जारी गर्न लागिएको जानकारी दिए । सम्मेलनमा काभ्रेपलान्चोक जिल्ला समन्वय समितिका प्रमुख दीपक गौतमले नेपाली युवाका मुद्दा अन्तर्राष्ट्रियकरण गर्न अन्तर्राष्ट्रिय युवा महोत्सव आयोजना गर्न लागिएको बताए। गौतमले युवाका संरचना बनेपनि स्रोत व्यवस्थापन हुन नसकेको जिकिर गरे ।

सहआयोजक युवालयका अध्यक्ष धर्मराज रिमालले युवालाई नीति निर्माण र कार्यान्वयनको केन्द्रमा राख्न आवश्यक रहेको बताए। युवा नीति र कार्यक्रमहरूमा युवाको आवाजलाई प्राथमिकता दिन सम्मेलनले सर्वपक्षीय आव्हान गरेको रिमालले बताए । उनले भने–“ युवाहरू देशको वर्तमान र भविष्य हुन्। तिनको सशक्तीकरण र अर्थपूर्ण सहभागिता नै देशको समृद्धिको आधार हो ।

तीनदिने सम्मेलन पश्चात् जारी गरिएको ध्यानाकर्षण पत्रमा ७५३ वटै पालिकामा स्थानीय युवा परिषद् गठन गर्न आह्वान गरिएको छ। यस्तै सम्पूर्ण राजनैतिक दलको कमिटीगत संरचनाहरूमा अनिवार्य ४० प्रतिशत युवाहरूको सहभागितालाई सुनिश्चित गर्न माग गरिएको छ । सम्मेलनले स्थानीय युवा परिषद् गठन भएका स्थानीय तहहरूमा युवाहरूलाई अर्थपूर्ण सहभागिता प्रवर्द्धनका लागि युवा लक्षित बजेट तथा कार्यक्रम व्यवस्था गर्न ध्यानाकर्षण गराइएको छ । राष्ट्रिय युवा नीति २०७२ ले १६ देखि ४० वर्ष उमेर समूहकालाई युवाका रूपमा परिभाषित गरेको छ । देशमा युवाको जनसंख्या १ करोड २४ लाख १२ हजार १७३ ( जनसंख्याको ४२.५६ ) प्रतिशत रहेको छ ।

# धार्मिकस्थल चिताइनमा धर्मशाला भवन

जनकपुर, १० फाल्गुन । प्राचिन धार्मिक एवं पर्यटकीयस्थलको रूपमा रहेको लक्ष्मीनाथ महादेव मन्दिर चिताइन परिसरमा धर्मशाला निर्माण गरिएको छ । सर्लाहीको हरिपुर नगरपालिका–७, चिताइनस्थित मन्दिर परिसरमा दुई तले पक्की धर्मशाला भवन निर्माण गरिएको हो । भवनको शनिबार दिउँसो सर्लाही क्षेत्र नं. १ (ख) का मधेश प्रदेशसभा सदस्य बेची लुङ्केली र संविधान सभा सदस्य रामचन्द्र चौधरीले संयुक्तरूपमा उदघाटन गर्नुभयो । प्रदेशसभा सदस्य लुङ्केलीको संसदीय विकास कोष, प्रदेश सरकारको पर्यटन मन्त्रालय र वडाको समेत गरी करिब ४० लाख रुपियाँ खर्चिएर धर्मशाला भवन तयार पारिएको लक्ष्मीनाथ चिताइन महादेव विकास समितिका अध्यक्ष राजेन्द्र धामीले जानकारी दिनुभयो । प्रदेशसभा सदस्य



लुङ्केलीको विशेष पहलमा निर्माण गरिएको दुई तले धर्मशाला भवनमा चार वटा कोठा र एउटा बैठक हल रहेको छ । नवनिर्मित धर्मशाला भवनलाई आगामी दिनमा पाहुना तथा साधुसन्त आउँदा बास बस्न र गाउँघरमा हुने विभिन्न धार्मिक तथा सामाजिक कार्यमा प्रयोग गरिने लक्ष्मीनाथ चिताइन महादेव विकास समितिले जनाएको छ । जिल्लाकै ऐतिहासिक स्थलको रूपमा रहेको लक्ष्मीनाथ महादेव मन्दिर चिताइनमा भर्खरै जीर्णोद्वारको काम गरिएको छ ।

चिताइन मन्दिरमा शिवरात्रिको दिन चर्मरोग निको हुने र मनोकाङ्क्षा पूरा हुने विश्वासका साथ भान्टाको भार र धानको मट्का (मौर) चढाउनेको अत्यधिक भीड लाग्ने गरेको छ। यो वर्ष पनि फागुन १४ गतेदेखि चिताइनमा ऐतिहासिक चिताइन मेला लगाउने तयारी भइरहेको स्थानीय चेतनारायण धामीले जानकारी दिनुभयो।

# चीनले वितरण गरेको साइकल जलाइयो

जनकपुर, १० फाल्गुन । मधेस प्रदेशको पर्सामा चीनको सहयोगमा वितरण गरिएको साइकल त्यहाँकाको एक विद्यार्थी संगठनले जलाएको छ । चिनियाँ सहयोगको नाममा पुराना र कमसल साइकल वितरण गरिएको आरोप लगाउँदै राष्ट्रिय विद्यार्थी परिषद् पर्साले सो साइकल जलाएको हो । परिषद्मा रहेका विद्यार्थीहरूले लक्ष्मणवा ( प्रतिमा )चौकमा प्रदर्शन गर्दै साइकल जलाएको परिषद्का अध्यक्ष विनोद यादवले बताए । प्रदर्शनकारीहरूले चीनको चलाखी अब चल्दैन – मधेसलाई सम्मान चाहिन्छ ! र पुरानो साइकल, नयाँ धोका–चीन, अब हामीलाई मूर्ख नबनाऊ ! जस्ता नारा लगाएका थिए । विद्यार्थी परिषद् पर्साका अध्यक्ष विनोद यादवले चीनले मधेसका विद्यार्थीहरूलाई अपमानित गर्न यस्ता




कमसल सामग्रीहरू सहयोगको रूपमा पठाएको आरोप लगाएका छन् । मधेसलाई अनुदानको नाममा गुणस्तरहीन सामग्री उपलब्ध गराउने कार्य अस्वीकार्य रहेको बताउँदै उनले यदि यस्ता अपमानजनक गतिविधिहरू दोहोरिए भने कडा आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

यसअघि पनि मधेस प्रदेशका तत्कालीन सरकारले २०७८ मा बेटी पढाऊ, बेटी बचाउ“ अभियान अन्तर्गत वितरण गरिएका साइकलमा व्यापक अनियमितता देखिएको थियो । त्यसमा पनि विद्यार्थी परिषद्ले विरोध गरेको थियो । अहिलेको घटनामा भने चीनले मधेसलाई सहयोगको नाममा कमसल साइकलहरू दिएको गुनासो गरेको छ । वीरगन्ज महानगरपालिकाको पिपरास्थित श्रीनरसिंह माध्यमिक विद्यालयका विद्यार्थीलाई दुई सय थान चाइनिज साइकल वितरण गरिएको थियो । अन्तर्राष्ट्रिय लभ साइकल नेपाल अभियानले आयोजना गरेको सो कार्यक्रममा माघको पहिलो हप्ता चाइना फाउन्डेसनले सो साइकल वितरण गरेको थियो ।

# दुर्घटनामा मृत्यु

जनकपुर, १० फाल्गुन । सर्लाहीको ईश्वरपुर नगरपालिका–७, पोखरी टेल निवासी पूर्व शिक्षक विन्देश्वर सिंहको सवारी दुर्घटनामा परेर मृत्यु भएको छ। भारतको प्रयागराजमा जारी महाकुम्भ स्नानका लागि भैरहवा हुँदै भारततर्फ जाने क्रममा भारतीय भूमिमा गाडी दुर्घटनामा परेर सिंहको मृत्यु भएकोहो। सिंह ईश्वरपुर नगरपालिका–३, भक्तिपुरमा रहेको सरस्वती माध्यमिक विद्यालयको पूर्व प्रधानाध्यापक हुनुहुन्थ्यो।




## गोलबजार नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**गोलबजार, सिरहा**

**मधेश प्रदेश,नेपाल**

## न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना ।

**मिति २०८१।११।११**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७७ को नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ (१) र यस कार्यक्रमको मिति २०८१/११/०६ गतेको सूचना बमोजिम अगामी आ.व. २०८२/८३ मा रोजगार सेवा केन्द्रबाट आर्थिक तथा सामाजिक अवसरबाट बञ्चित बेरोजगार व्यक्तिहरूलाई प्रदान गरिने १०० (सय) दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न गराई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न सक्ने १८ वर्ष उमेर पुरा भई ५९ वर्ष ननाघेका ईच्छुक बेरोजगार व्यक्तिहरूले बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन आफू स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजातहरूसहित मिति २०८१ फाल्गुन महिना भरीमा तोकिएको दाँचामा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरू**:–

१. निवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ प्रति,
२. निवेदकले कुनै सीपमूलक तालिम लिएको भए सो को प्रतिलिपि १ प्रति,
३. निवेदकको फोटो १ प्रति,
४. परिवारमा रहेका व्यक्तिहरूको नागरिकता प्रमाण पत्र वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि १/१ प्रति.
५. बसाईसराई भएको भए सो को प्रमाण पत्रको प्रतिलिपि १ प्रति ।

**जानकारी**:

१. निवेदनको फारम सम्बन्धित वडा कार्यालयहरू, रोजगार सेवा केन्द्र र प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाइट www.pmep.gov.np मा उपलब्ध छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि प्रकाशक/सम्पादक : कमलेश कुमार यादव, सह-सम्पादक : सत्य नारायण चौधरी, प्रवन्धक : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, मुद्रक : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)